# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूर पश्चिम प्रदेश,नेपाल

प.स.०७५।०७६
च.नं. ४४०६

मिति २०७६।२।१४

श्री व्यवसायीहरू सवै
धनगढी उपमहानगरपालिका
धनगढी कैलाली ।

बिषय: जानकारी सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र व्यवसाय गरि रहेका सम्पूर्ण व्यवसायीहरूले स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम यस उपमहानगरपालिकामा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नुपर्ने प्रावधान रहेता पनि केही व्यवसायीहरूले विगत लामो समयदेखि स्थानीय तहमा दर्ता नगरिकन व्यवसाय सञ्चालन गरि रहेको पाइएकोले त्यस्ता व्यवसायीहरूलाई मिति २०७५।१२।२६ गतेको नगर कार्यपालिकाको २८ औ बैठकको निर्णय अनुसार एक पटकका लागि मात्र उनिहरूको विगत देखिको जरिवाना मिनाहा गरि आ.व. २०७५।०७६ भित्र नै अनिवार्य रूपमा व्यवसाय दर्ता गराउन सुचित गरिन्छ । अन्यथा आ.व.२०७६।०७७ देखि नगरपालिकामा दर्ता नभएका व्यवसायीहरूलाई उनिहरूको विगतमा अन्य सरकारी निकायमा दर्ता भएको प्रमाण पत्रको आधारमा व्यवसाय स्थापना भएको मितिवाट नै सम्पूर्ण राजश्व असुल उपर गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत:५२०४२९, आ.ले.प.:५२०७२९,नि.: ५२१३२९, फ्याक्स :५२११२९, दमकल सेवा :१०१

Scanned by CamScanner